**मिति २०७८ पौष २७ गते (वि.सं. २०७८।९।२७) मंगलबार तुलसीपुर उपमहानगरपालिकाको १२३औं कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. १**

यस तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७८/०७९ का लागि तपसिल बमोजिमका योजनाहरु समपुरक र बिशेष अनुदानका योजनामा छनोट गरी पठाउने निर्णय गरियो ।

**समपुरक अनुदान तर्फका योजनाहरु :**

१.आर्थिक क्षेत्र : बहुउद्देश्यीय कम्पेक्स भवन निर्माण वडा नं. ५

२. पुर्बाधार क्षेत्र : क) भमकेखोला ठाटीगाउमा पक्की पुल निर्माण वडा नं. ३

ख) पुकार पसल देखि लहलौरा हुदै भोजपुर जाने सडक कालोपत्रे वडा नं. १२,१६ र १५

३. सामाज्कि क्षेत्र : तुलसीपुर मेट्रो कलेज भवन निर्माण वडा नं. १२

४.सुशासन तथा अन्य क्षेत्र : क) प्रशासनिक भवन निर्माण वडा नं. ५

ख) वडा कार्यालय भवन निमार्ण वडा नं. ४,१३,१९

**बिशेष अनुदान तर्फका योजना :**

१.शिक्षा : १. मा.बि. दोघरे वडा नं. ९

२. आ.ब.रानागाउ वडा नं. ३

३.अम्बिकेश्वरी मा.बि. वडा नं. १३

४.मा.बि. सेन्टर वडा नं. ६

२. बिपद व्यवस्थापन तथा अन्य : ग्वारखोला तटबन्ध निर्माण औद्योगिक ग्राम क्षेत्र वडा नं. १६

**निर्णय नं. २**

यस तुलसीपुर उपमहानगरपालिका उपर सम्मानीत सर्बोच्च अदालत तथा अन्य अदालतहरुमा परेका मुदा माथि बहश पैरवी गरेवापत बिद्धान अधिबक्ता श्री प्रकाश रेग्मीलाई एउटा बहशको रु १००००।( दशहजार मात्र) र आतेजाते खर्च तथा खाना खर्च बिल बमोजिमको रकम कानुनी मामिला शाखाको चालु आ.ब.को विविध शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

(१)



मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ

**मिति २०७८ पौष २७ गते (वि.सं. २०७८।९।२७) मंगलबार तुलसीपुर उपमहानगरपालिकाको १२३औं कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिकामा सहायकस्तर चौथो तहमा कार्यरत टिका न्यौपानेले अध्ययन बिदा स्वीकृत गरीपाउ भनि निवेदन दिनुभएकोले निजको तलबी अध्ययन बिदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय: ४**

यस तुलसीपुर उपमहानगरपालिका कार्यालयबाट २७ स्थानमा नदीजन्य पदार्थको बिकि शुल्क उठाउन विभिन्न मितिमा विद्युतीय बोलपत्र आव्हान भएका ४ स्थान बाहेक अन्य स्थानहरुमा कुनै पनि बोलपत्रदाताले बोलपत्र पेश नगरेको हुँदा व्यवसायीहरु बोलपत्र पेश गर्न अनिच्छुक हुनाको कारण अध्ययन गर्दा आई ई ई मा उल्लेखित परिमाण चोरी निकासी र बर्षातको कारणले घट्न समेत गएको र प्रदेश आर्थिक ऐन २०७८ ढिला जारी हुन गई बीचमा नदीजन्य पदार्थको बिकि शुल्क बढेकाले ठेक्काको न्यूनतम अंक ५० प्रतिशतले बढ्न गएको हुँदा विभिन्न मितिमा सूचना प्रकाशन गर्दा पनि बोलपत्र पेश नभएका तपशिलका स्थानहरुमा पुन आई ई ई को परिमाण संशोधन गरी पुन १५ दिनको सूचना आव्हान गर्ने निर्णय गरियो ।

| क्र.सं | घाटक्षेत्र | लम्बाई मि | चौडाई मि | गहिराई मि | कुल परिमाण घन मि | न्यूनतम राजस्व रु. |
|---|---|---|---|---|---|---|
| १. | **बबई नदि** | | | | | |
| | क्षेत्र न १: पक्कि पुलको पूर्व शितलपुर क्षेत्र क | १८५ | २५ | १ | ४६२५ | १९,६०,२६० |
| | क्षेत्र न १: पक्कि पुलको पूर्व शितलपुर क्षेत्र ख | १८५ | २५ | १ | ४६२५ | १९,६०,२६० |
| | सुकौरा मसानघाट एरिया | १८५ | २५ | १ | ४६२५ | १९,६०,२६० |
| २ | **ग्वार खोला** | | | | | |
| | जहदाघाट एरीया क | १८५ | २५ | १ | ४६२५ | १९,६०,२६० |
| | जहदाघाट एरीया ख | १८५ | २५ | १ | ४६२५ | १९,६०,२६० |
| ३ | **पातु खोला** | | | | | |
| | बटोलपुर एरीया | १८७ | २५ | १.० | ४६७५ | १९,८१,४५२ |

(मिति २०७८।९।२७ गते १२३ औं का.पा.बैठकका निर्णयहरु)

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ

**मिति २०७८ पौष २७ गते (वि.सं. २०७८।९।२७) मंगलबार तुलसीपुर उपमहानगरपालिकाको १२३औं कार्यपालिका बैठका निर्णयहरु :**

| क्र.सं | घाटक्षेत्र | लम्बाई मि | चौडाई मि | गहिराई मि | कुल परिमाण घन मि | न्यूनतम राजस्व रु. |
|---|---|---|---|---|---|---|
| | सुकौरा पक्की पुलको दक्षिण तर्फको क्षेत्र | १८७ | २५ | १.० | ४६७५ | १९,८१,४५२ |
| ७ | **सग्राम खोला** | | | | | |
| | कोठरी पुल देखि दक्षिण तर्फको क्षेत्र | १८७ | २५ | १.० | ४६७५ | १९,८१,४५२ |
| | मंगरी जमेर निवुवा क्षेत्र | २४० | १५ | १.० | ३,६०० | १५,२५,८२४ |

**निर्णय: ५**

उरहरी जसपुर नहर निर्माणका लागि अस्थायी क्शर अनुमति प्रदान गर्न माग भइ आएको हुँदा ठुला पूर्वाधार निर्माणका लागि योजनाका लागि चाहिने प्रशोधित मेटेरियल तयार गर्न अस्थायी क्शर उद्योग सञ्चालन गर्न स्थलगत अवस्था,उपमहानगरपालिकालाई प्राप्त हुने राजश्वको श्रोत,क्रसर रहने स्थानको पहिचान तथा मेशिनको स्पेशिफिकेशन अध्ययन गरी प्रतिवेदन पेश गर्न आर्थिक विकास समिति, स्थानीय अनुगमन समिति र मेकानिकल इन्जिनियर सहितको संयुक्त अध्ययन टोलीलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय: ६**

यस उपमहानगरपालिकाको घ वर्ग को निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धी कार्यविधि २०७४ मा उल्लेख भए बमोजिमको आवश्यक कागजात सहित घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्राप्तीको लागि याजिव कन्स्ट्रक्सन प्रो. विजय डाँगी तुलसीपुर १९, उज्जल निर्माण सेवा प्रो. सागर पाण्डे तुलसीपुर ९ र शिवगढी कन्स्ट्रसन प्रो. केशर बहादुर चौधरी सोनपुर ६ ले निवेदन दर्ता गराएको उल्लिखित फर्म हरुलाई कार्यविधिको दफा २ बमोजिम घ बर्गको निर्माण व्यवसायी ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

**निर्णय: ७**



तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ

**मिति २०७८ पौष २७ गते (वि.सं. २०७८।९।२७) मंगलबार तुलसीपुर उपमहानगरपालिकाको १२३औं कार्यपालिका बैठका निर्णयहरु :**

तुलसीपुर उप महानगरपालिकाको निजी जग्गाको व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६ अनुसार माधवा पोखेलको निजी जग्गाको आई.ई.ई स्वीकृत परामर्शदाताबाट आई.ई.ई प्रतिवेदन तयार गरी उप महानगरपालिकाको आई.ई.ई पुनरावलोकन समितिको बैठकबाट स्वीकृतिका लागि कार्यपालिका समक्ष पेश भएको हुदा उक्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णयः ८**

संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालित योजनाको लागि मेटेरियल उपलब्ध गराउने सम्बन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिस, आयोजनाको माग पत्र, लगत स्टिमेट र संझौतापत्र पेश गर्न लगाई स्थानीय अनुगमन समिति वडा कार्यालयको प्रतिनिधिले आई.ई.ई. स्वीकृत भएको उपयुक्त स्थान छनौट गरी परिमाणको राजस्व लिइ मेशिन लगाइ आवश्यक व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णयः ९**

यस उप महानगरपालिकाको दक्षिणमा रहेको बालउद्यान तथा सार्वजनिक शौचालय मिति २०७८।११।०१ गते तुलसीपुर १० निवासी राधा खड्का संग संझौता भइ व्यवस्थापन हुँदै आएकोमा मिति २०७८ माघ मसान्तमा म्याद समाप्त हुन लागेको हुँदा उक्त जग्गा भाडामा लगाउन संझौतामा उल्लिखित भाडा रकममा केहि प्रतिशत बृद्धी गरी म्याद थप गर्ने वा पुन सूचना आव्हान गरी बाल उद्यान शौचालय चमेना गृह भाडामा लगाउने सम्बन्धमा समन्वय गरी आगामी कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्न आर्थिक विकास समितिका संयोजक श्री माधव वलीलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र पर्ने राष्टिय राजमार्ग, प्रदेशिक राजमार्ग, तथा स्थानीय सडकहरुको आसपासमा निर्माण भएका घरहरुलाई हालकै अवस्थामा अभिलेखिकरण गर्ने । निकट भविष्यमा केन्द्रीय सरकार, प्रदेशिक सरकार र स्थानीय सरकारले सडकको चौडाइ वढाउन चाहेको खण्डमा विनाशर्त घर भत्काउँने मञ्जुरीनामा गराउने **"केन्द्रीय सरकार, प्रदेशिक सरकार र स्थानीय सरकारले सडकको चौडाई वढाउन चाहेको खण्डमा सडक क्षेत्रअधिकार भित्रको घरको भाग परेमा विना अवरोध स्वंय ब्यक्ति आफैले संघीय,प्रादेशिक तथा स्थानीय सरकारले तोकेको मिति भित्र आफ्नै लागतमा भत्काउने छु** भनि घरधनिलाई हस्ताक्षर तथा मञ्जुरीनामा गराउने ।

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

**निर्णय नं. ११**



तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ

**मिति २०७८ पौष २७ गते (वि.सं. २०७८।९।२७) मंगलबार तुलसीपुर उपमहानगरपालिकाको १२३औं कार्यपालिका बैठका निर्णयहरु :**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन, २०७८ को अनुसुचि १७ को क्र.स. १० वमोजिम पौस मसान्त सम्म पक्की घर अभिलेखिकरण गर्दा लाग्ने थप जरिवानामा ५० प्रतिशत छुट रहेकोमा सो छुटलाई आउ़दो नगरसभावाट अनुमोदन हुने गरी २०७८ चैत्र मसान्त सम्म छुट दिने ।

**निर्णय नं. १२**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन, २०७८ को अनुसुचि १७ को क्र.स. ९ वमोजिम पौस मसान्त सम्म घ बर्गका,कच्ची,प्रिफ्याव र अस्थायी घरहरुको अभिलेखिकरणका लागि अभिलेखिकरण दस्तुर,अमिन सेवा शुल्क, सुपरभिजन शुल्क र प्रमाण पत्र शुल्कमा ५० प्रतिशत छुट रहेकोमा सो छुटलाई आउदो नगरसभावाट अनुमोदन हुने गरी २०७८ चैत्र मसान्त सम्म छुट दिने ।

**निर्णय नं. १३**

यस तुलसीपुर उपमहानगरपालिका वडा नं. बस्ने मुक्त कम्लरी शर्मिला चौधरी र आशा चौधरी नर्ति आवासिय बिदालय लमहीमा अध्ययनरत भएको र निजहरु कम्लरी भएको कारण आर्थिक अवस्था कमजोर भएकोले एक बर्षका लागि बार्षिक जनही ४०००० हजारका दरले दुईजनाको जम्मा रु ८००००।(असीहजार मात्र) यस उपमहानगरपालिकाको आलु आ.ब.को आन्तरीक श्रोतबाट भुक्तानी दिने निर्णय गरियो'।

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ